# वार्षिक प्रतिवेदन-२०६९
# तथा
# वार्षिक कार्ययोजना-२०७०

**सानोदुम्मा माध्यमिक विद्यालयको अभिभावक**
**दिवसमा प्रस्तुत गर्नको निम्ति तयार**
**पारिएको वार्षिक प्रतिवेदन-२०६९**
**तथा**
**वार्षिक कार्ययोजना-२०७०**
**प्रस्तावना पत्र**

**प्रस्तुतकर्ता**
**अर्जुन राई**
**प्रधानाध्यापक**
**मिति:२०७०/०१/१९**

**सानोदुम्मा माध्यमिक विद्यालय**
**सानोदुम्मा-३,थर्पु,भोजपुर**
**२०७०**

यस कार्यक्रमका सभाध्यक्ष महोदय,
अतिथिगण, पर्यवेक्षकक, वि.व्य.स. तथा शि.अ.संघका पदाधिकारीहरु, अभिभावहरु, शिक्षक मित्रहरु र विद्यार्थी भाइबहिनीहरु !
सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादनः नमस्कार,सेवा,फ्याफुल्ला ।

सभाध्यक्ष महोदय, म आफूले तयार गरेको ***वार्षिक प्रतिवेदन-२०६९*** तथा ***वार्षिक कार्ययोजना-२०७०*** संयुक्त रुपमा क्रमशः प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क. विषय प्रवेशः

यस सानोदुम्मा माध्यमिक विद्यालयको स्थापनाकाल देखि हालसम्ममा औपचारिक रुपमा अभिभावक दिवस तथा लिखित वार्षिक कार्ययोजना प्रस्तुत गरिएको संभवत यो पहिलो पटक हुनुपर्दछ । यस ऐतिहासिक घडीमा सम्पूर्ण श्रदेय अभिभावकहरु प्रति यो प्रतिवेदन तथा कार्ययोजना समर्पित गर्न चाहन्छु ।
विद्यालय समुदायको शैक्षिक विकासमा टेवा पुऱ्याउने साझा संस्था हो । समुदायका बालबालिकाहरुलाई युग सुहाउदो शिक्षाको अवसर पुऱ्याउने कार्यमा विद्यालयको महत्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीहरु भनेका विद्यालयको केन्द्रबिन्दु हुन् । त्यसैगरी अभिभावकहरु पनि विद्यालयको महत्वपूर्ण पाटो हुन् । वास्तवमा विद्यालयको शैक्षणिक प्रक्रियालाई एउटा रिक्साको रुपमा चित्रण गर्न सकिन्छ । जसरी एउटा रिक्सा सही ढंगले गुड्नको निम्ति तीनवटै पंग्राहरुले समुचित ढंगले कार्य गर्नुपर्दछ अनि कुशल चालकको पनि आवश्यकता पर्दछ । त्यसैगरी विद्यालयको शैक्षणिक प्रक्रियामा समुचित ढंगले अघि बढाउन शिक्षक-विद्यार्थी-अभिभावकको महत्वपूर्ण जिम्मेवारी रहन्छ । यसको साथै सहि ढंगले अघि बढ्नको निम्ति सक्षम विद्यालय प्रशासकको भूमिका पनि अझ महत्वपूर्ण हुन्छ ।
यस प्रतिवेदनमा मूलत गत वर्षको समीक्षात्मक विवरण तथा चालु शैक्षिक वर्षको प्रस्तावित मुख्य गतिविधिहरु समेट्नु पर्ने भए तापनि हालसम्म औपचारिक तवरले अभिभावक दिवस कार्यक्रम सम्पन्न गरी यस किसिमले लिखित प्रतिवेदन विगतका प्र.अ.हरु मार्फत हालसम्म प्रस्तुत नभएको कारणले सार संक्षेपमा विगत केही वर्ष वा स्थापना कालदेखिकै केही पक्षहरुलाई समेत यस प्रतिवेदनमा अति संक्षिप्त रुपमा समावेश गर्ने प्रयास गरिएको छ ।
यस ***वार्षिक प्रतिवेदन*** तथा ***कार्ययोजनामा*** संक्षिप्त रुपमा विद्यालयको ऐतिहासिक पृष्ठभूमि पनि समावेश गरिएको छ । किनकि हालसम्म यस किसिमको लिखित प्रतिवेदन र औपचारिक कार्यक्रम ज्यादै न्यून हुने गरेकाले अधिकांश अभिभावकहरुलाई विद्यालयको ऐतिहासिक पक्षको बारेमा कम जानकारी हुन सक्दछ । साथै थाहा हुने हरुलाई पनि पुनःस्मरण रहोस भन्ने हेतुले अति संक्षिप्त रुपमा भए पनि विद्यालयको ऐतिहासिक पृष्ठभूमि प्रस्तुत गरिएको छ ।
त्यसैगरी विगतमा हामी के कारणले पछि पर्यौं भन्ने कुराहरुको सार संक्षेपमा बुदागत रुपमा प्रस्तुत गरिएको छ । आफू यस विद्यालयमा वि.सं. २०६३ सालमा प्रवेश गरे देखि हालसम्म अनुभव गरेको आधारमा मेरा स्मृतिमा रहेका कुराहरु नै विशेष गरी यसमा उल्लेख गरिएको छ । त्यसैगरी विगतमा विद्यालय परिवारले खेलेको सकारात्मक भूमिकाको संक्षेपमा समीक्षात्मक ढंगले केही बुँदाहरु प्रस्तुत गरिएको छ ।
शैक्षिक वर्ष २०६९ सालको वार्षिक गतिविधिहरुको मुख्य-मुख्य बुँदहरु उल्लेख गरिएको छ । यसका साथै विशेषगरी आफू वि.सं. २०६९ फाल्गुनको अन्तिमतिर यस विद्यालयको प्र.अ.को जिम्मेवारी सम्हाली सकेपश्चात गरिएका केही महत्वपूर्ण गतिविधिहरुको सार संक्षेप अनि आगामि दिनहरुमा शैक्षिक वर्ष २०७० सालमा तत्काल गरिने र दीर्घकालमा गर्ने लक्ष्य राखिएका केही भावि कार्ययोजनाहरु समेत बुँदागत रुपमा उल्लेख गरिएको छ । तुलनात्मक रुपमा भावि कार्ययोजनाहरु यस प्रतिवेदनमा उल्लेख्य मात्रामा समेटिएका

छन् । अन्त्यमा हाम्रो सानोदुम्मा माध्यमिक विद्यालयको हालको केही प्रमुख समस्या तथा चुनौतीहरुलाई समेत प्रस्तुत गरिएको छ ।

वि.सं.२०६९ साल श्रावण देखि २०७० साल बैशाख सम्मको विद्यालयको आय-व्यय अर्थात आार्थिक हरहिसाब सम्बन्धि छुट्टै ***आर्थिक प्रतिवेदन*** को रुपमा प्रस्तुत गरिएको छ ।

## ख. हार्दिक आभार तथा कृतज्ञता:

सानोदुङमामा शिक्षाको ज्योति फैलाउन तत्कालिन प्रतिकुल परिस्थितिमा आज भन्दा ६ दशक अगाडि विद्यालयको स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गरी अमूल्य योगदान पुऱ्याउनु हुने श्रदेय विद्यालय संस्थापक व्यक्तित्वहरु तथा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण अभिभावकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी स्थापनाकाल देखि हालसम्म विद्यालय व्यवस्थापन समितमा रही योगदान पुऱ्याउनु हुने व्यक्तित्वहरु प्रधानाध्यापक तथा शिक्षण सहायकको रुपमा यस विद्यालयमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी यस विद्यालय सञ्चालनको निम्ति आर्थिक सहयोग प्रदान गर्ने सानोदुम्मा गा.वि.स. तथा विद्यालय भवन निर्माणमा सहयोग पुऱ्याउने जि.शि.का. भोजपुर, ग्रामीण पुन निर्माण संस्था RRN Nepal भोजपुर शाखा, विगतमा फर्निचर निर्माणमा सहयोग पुऱ्याउनु हुने Plan International Nepal प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस विद्यालयको वृत्ति विकासको निम्ति विभिन्न समयमा आर्थिक सहयोग चन्दा तथा जग्गा दान गर्नुहुने सम्पूर्ण समाजसेवी महानुभावहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै हाल हामीले मा.वि. सञ्चालन गरे पश्चात सबै शिक्षकहरुले आफ्नो तह भन्दा पनि माथिल्लो तहसम्म र प्रत्येक दिन कुनै पनि खालि पिरिएड नराखि निरन्तर अध्यापन कार्य सम्पन्न गरी यो विद्यालयको प्रगतिमा दत्तचित्त भइ कर्तव्यपथमा लागि सहयोग पुऱ्याउनुहुने समस्त शिक्षक मित्रहरु प्रति पनि हार्दिक आभार प्रकट गर्नु पर्दछ भन्ने आफ्नो कर्तव्य ठान्दछु । त्यसैगरी प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने यहाँ उल्लेख हुन छुट्नु भएका सम्पूर्ण महानुभावहरुप्रति पनि क्षमा माग्दै हार्दिक आभार प्रकट गर्दछु ।

## १. विद्यालयको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि:

भोजपुर जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको सानोदुङमा गा.वि.स. प्राकृतिक तथा हरेक दृष्टिकोणले पछि परेको वर्तमान परिप्रेक्षमा विगतमा प्रजातन्त्रको स्थापना काल ताका नै यस क्षेत्रका दिग्गज व्यक्तित्वहरुको विशेष पहलमा औपचारिक रुपमा विद्यालय स्थापना गरी शैक्षिक स्तर उकास्न खोजिएको प्रयास नितान्त रुपमा सरहनिय कार्य हो । ऐतिहासिक कालमा यो क्षेत्र किरात राईहरुको विशेष बसोवास क्षेत्र भए तापनि पछिल्लो समयमा करिव एक दर्जन जातजातिहरुको सामूहिक मिश्रित समुदायको साझा बसोवास स्थलको रुपमा परिचित छ । किरात राईहरुको बाहुल्यता रहेको जिमि गाउँमा तत्कालिन समयमा अधिकांश पुरुषहरु भारतीय तथा ब्रीटिस सेनामा भर्ती हुन जाने प्रचलन रहेको पाइन्छ ।  तिनलाई हाम्रो गाउँघरमा लाहुरे भन्ने गरिन्छ । वास्तवमा तीनै भारतीय तथा ब्रीटिस सेनाबाट सेवा निवृत भएका व्यक्तिहरुले विदेशको शैक्षिक विकासको लहर देखेर अनि अनुभूति गरेर आएपछि गाउँमा विद्यालय खोल्न प्रेरित भएको कुरामा द्विमत हुन सक्दैन किनकी यस विद्यालय तिनै लाहुरे सेवा छाडेर गाउँ फर्किएका पेन्सनियरहरुको विशेष चाखमा स्थापना हुन पुगेको कुरा छिपाउन मिल्दैन । धन्य आजभोलि जस्तो लाहुरेहरु गाउँ छाड्ने प्रथा उतिबेला थिएन जसले गर्दा हाम्रो गाउँमा कमसे कम एउटा विद्यालय त स्थापना भयो । किरात राईहरुको बहुल्यता रहेको वस्ती

भएकाले किरात राईहरुले आफ्नो मौलिक संस्कृति वा चाड साकेवा अथवा झ्याम्टे पूजाको नाममा यस विद्यालयको नामकरण समेत शुरुमा झ्याम्टे स्कूल राखिएको पाइन्छ । विद्यालय स्थापनामा लाहुरेहरुको मात्र भूमिका थिएन । यहाँका समाजसेवी तथा अग्रणी व्यक्तित्व र सर्वसधारण सबैको उत्तिकै साथ सहयोगले यो विद्यालय स्थापना सफल भएको स्थानीय जानकार व्यक्तिहरु बताउछन् । यहाँ बुदागत रुपमा विद्यालयको ऐतिहासिक पृष्ठभूमि प्रस्तुत गरिएको छ ।

- वि.सं.२०१० साल बैशाख ११ गते स्थानीय शिक्षाप्रेमीहरु तथा सर्वसधारणहरुको विशेष पहलमा **झ्याम्टे विद्यालय**को नामबाट स्थापित ।
- वि.सं.२०११ साल जेठ १ मा डिष्ट्रिक सोल्जर बोर्डमा **झ्याम्टे अपर प्राइमरी स्कूल**को नामबाट स्वीकृत भइ सञ्चालन निरन्तरता पाएको ।
- वि.सं.२०२० साल माघ ९ गते वि.जि.शि.नि. भोजपुर बाट **झ्याम्टे मिडिल इङलिस स्कूल**को नाममा स्वीकृत भइ सञ्चालन निरन्तरता ।
- वि.सं.२०३१ पौष १ गते रा.शि.प.यो. लागु हुँदा यस विद्यालयको नाम **सानोदुम्मा प्राथमिक विद्यालय** हुन पुग्यो भने कक्षा-७ सम्मको पठन पाठनलाई कक्षा १-३ मा सीमित गरिएको ।
- वि.सं.२०४१ सालमा तत्कालिन विद्यालय परिवारको विशेष पहलमा **कक्षा-४ सञ्चालनको अनुमति प्राप्त** ।
- वि.सं.२०५९ भाद्र ३० गते क्षेत्रिय शिक्षा निर्देशनालयबाट **नि.मा.तह कक्षा-६ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६७ बैशाख १४ गते मा.तह **कक्षा-९ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६८ साल देखि **प्रवेशिका परीक्षामा विद्यार्थीहरु सामेल** गराउन सफल ।

## २. विगतमा हामी चुकेको पक्ष वा अवस्थाहरू:

हामीले अनेकन प्रयास गर्दा वा ध्यान पुर्‍याउदा पुर्‍याउदै पनि कतिपय समयमा केही कुराहरुमा कमजोरी हुन पुग्दछ । विगतका दिनहरुमा  विद्यालय परिवारले अथक प्रयास गर्दा गर्दै पनि केही न केही कमजोरीहरु हुन पुगे जसले गर्दा विद्यालयलाई दीर्घकालिन असर समेत पर्न गयो । त्यसरी हामी चेकेको केही मुख्य पक्षहरुलाई यहाँ स्मरण गराउनको निम्ति उल्लेख गर्न चाहन्छु, ताकि भविष्यमा यस्ता कमजोरीहरु नदोहोरिउन ।

- **विद्यार्थी फेल नगराउँने अर्थात सतप्रतिशत सफल नतिजा:**
  विगतमा हामीले सादिन्दा सतप्रतिशत विद्यार्थीहरु सफल बनाउँदै जाँदा विद्यार्थीहरुमा यति बेतिथि बस्यो कि नपढि-अध्ययन नगरी नै पास होइन्छ । जसले अध्ययन गर्ने विद्यार्थीहरुलाई समेत पूर्ण रुपममा असर पुर्‍यायो कि  नजान्ने-नपढ्नेहरु पनि आफ्नै क्याटगोरीमा छन् भने मेहनेत गर्नुको के महत्व ??

- **विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउन नसक्नु :**
  विद्यालय प्रति सकारात्मक सोचको विकास गराउने किसिमको कार्यहरु नभइदिंदा विगतमा सँधैजसो विद्यालय र समुदाय बीच नङ र मासुको जस्तो सम्बन्ध रहनु पर्नेमा सानोदुम्मा मा.वि.को सवालमा त्यस्तो रहन सकेन, जसले  गर्दा सानो भन्दा सानो कार्यहरु पनि समुदायबाट लिन असहज परिस्थिति आइरह्यो । साथै विद्यालय भनेको प्र.अ.को निजि हो, जस्तो गलत सन्देश सम्प्रेषण हुन पुग्यो ।

➢ **विद्यार्थी तथा शिक्षक अनियमिततामा छुट:**
विगतमा विद्यार्थीहरुलाई विद्यालय उपस्थितिको मूल्य दर्शाउन सकिएन साथै शिक्षकहरुलाई विदाको स्वाद लिने मौका दिइएन । मतलब शिक्षकहरु जति दिन विदामा बसे पनि तलब-भत्ता नकाटिने वा कुनै पनि किसिमको कारवाही नहुने नियमले गर्दा विदाको खासै महत्व नै रहेन । त्यसैले जति सक्दो बढि गयल बस्न प्रश्रय दिलायो । विद्यार्थीहरु पनि परीक्षामा मात्र उपस्थित भए पनि सफल हुने । हाजिरीको खासै गणना नभए पछि किन विद्यालय उपस्थित हुने ? भन्ने गलत सोचको विकास गरायो ।

➢ **विद्यालयमा वास्तविक शैक्षिक वातावरण सिर्जना गर्न नसक्नु:**
विद्यालयमा शैक्षिक वातावरणको स्थिति ज्यादै कम रहनु पनि हामीले विगतमा चुकेको पक्षको रुपमा औंल्याउन चाहन्छु । किनकि विद्यालयमा विद्यार्थी तथा शिक्षकहरु कक्षाकोठामा पाठ्पुस्तकको पठनपाठन वाहेक अन्य समयमा र अन्य समसामयिक तथा ज्ञानमूलक विषयहरुमा छलफल अन्तरक्रिया गर्ने वातावरणको सिर्जना गर्न नसक्दा सबभन्दा बढि त विद्यार्थीहरुलाई असर पुग्न गयो । समाजमा परिवारमा विद्यार्थीहरुले ज्यादै समय मात्र अध्ययनमा  समय खर्चिन्छन् भने त्यस्तो प्रवृति रोक्नका लागि ज्यादै कठिन कार्य भए तापनि विद्यालयले बालबालिकाहरुको व्यवहार परिवर्तन तर्फ उचित ध्यान पुऱ्याइ शैक्षिक वातावरण बनाउने कुरामा चाहिं चुकेको महसुस गर्न सकिन्छ ।

➢ **हचुवाको भरमा ऐच्छिक विषय राखिनु:**
विद्यालयले वि.सं. २०६८ सालमा पहिलो पटक प्रवेशिका परीक्षामा सामेल हुने विद्यार्थीहरुको ब्याचलाई दक्ष जनशक्ति तथा विद्यार्थीहरुको स्तर र क्षमतालाई नजरअन्दाज नगरी हचुवाको भरमा *ऐच्छिक विषय गणित* राखिनाले विद्यालयले ऐतिहासिक रुपमा पहिलो पटक प्रवेशिका परीक्षामा सामेल हुँदा पहिलो गाँसमै ढुंगा परे जस्तै नियमित परीक्षाको नतिजामा लज्जस्पद नील व्यहोर्नु पऱ्यो ।

## ३. विगतका सकरात्मक पक्षहरुको संक्षिप्त समीक्षा:

सानोदुम्मा माध्यमिक विद्यालय हालको अवस्था सम्म आइपुग्न यस क्षेत्रमा स्थानीय शिक्षाप्रेमी, बुद्धिजिवी तथा सर्बसधारण अभिभावक सबैको उतिकै महत्वपूर्ण सहयोग, त्याग, र संघर्षबाट संभव भएको कुरामा दुइमत हुन सक्दैन । ज्यादै पिछडिएको ठाउँमा भए तापनि देशमा प्रजातन्त्रको वाहली भएको केही वर्ष पछि नै यो दुङमा क्षेत्रमै पहिलो पटक गाउँमा विद्यालय खोलिनु गर्व गर्न लायक ऐतिहासिक कुरा हो । साथै स्थापित विद्यालयलाई निरन्तर वृद्धि विकास गर्दै अगाडी बढाउनु पनि सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । यहाँ यस्तै किसिमका केही महत्वपूर्ण सकारात्मक पक्षहरुको समीक्षात्मक ढंगले प्रस्तुत गरिएको छ ।

- नेपालमा प्रजातन्त्र स्थापनाको केही वर्ष पछि नै यो दुर्गम स्थलमा विद्यालय स्थापना हुनु हाम्रो लागि पहिलो खुशीको कुरो हो ।
- सानोदुम्मा जस्तो राजनैतिक एवं कुटिल चलखेल हदै सम्म हुने ठाउँमा विद्यालयलाई स्तर वृद्धि गर्दै अघि बढाउनु कम चानचुने कार्य थिएन ।
- वि.सं. २०३१ सालमा नै कक्षा १-३ मा सीमित हुन पुगेको विद्यालयलाई मा.वि तहसम्म स्तर वृद्धि गराउनु ऐतिहासिक कार्य हो भन्नु अतिशयोक्ति नहोला ।
- असहज परिस्थितिको बावजुद पनि भौतिक निर्माणका पक्षहरु खासगरि एउटा भवनबाट विद्यालयलाई हालको ६ वटा भवनले सम्पन्न तुल्याउनु कम चुनौतीपूर्ण मान्न मिल्दैन ।
- विभिन्न समस्या तथा बाधा व्यावधानको बावजुद झ्याम्टे प्रइमरी स्कूल आज हाम्रो सामु सानोदुम्मा मा.वि.को रुपमा उभिएको छ, जुन आफैमा गर्विलो कुरा हो ।

## ४. शैक्षिक वर्ष २०६९ सालको सालको संक्षिप्त समीक्षाः

शैक्षिक वर्ष २०६९ साल यस विद्यालयको इतिहासमै धेरै जना शिक्षक तथा कर्मचारीहरु बहिर्गमन तथा आगमन भएको वर्ष हुनुपर्दछ । गत साल तत्कालिन प्र.अ. नारायण प्रसाद राई, अंग्रजी पि.सी.एफ. शिक्षक बालकृष्ण बोहोरा र गणित शिक्षक केशरराज गुप्ता सहित तीन जना शिक्षकहरु साथै विद्यालय सहयोगी कुमार राईको समेत असामयिक निधन हुन गइ जम्मा चार जना शिक्षक तथा कर्मचारीहरुको बहिर्गमन हुन पुग्यो । शिक्षक कर्मचारी बहिर्गमन मात्र होइन आगमन पनि उत्तिकै मात्रमा भएको जानकारी यहाँहरुलाई विदितै छ । नारायणप्रसाद राईको स्थानमा भा.सि.-२,सुनसरीका गीता न्यौपाने (भट्टराई), बालकृष्ण बोहोराको स्थानमा हाम्रै भोजपुर जिल्ला,थिदिङखा गा.वि.स. वडा नं.-६ का इमान सिं राई लाई शिक्षा ऐन तथा नियमावली अनुसार खुल्ला विज्ञापन गरी नियुक्ती गरिएको हो । गणित शिक्षक केशरराज गुप्ताको स्थानमा भोजपुर जिल्ला धोत्लेखानी गा. वि.स. स्थित छिन्ताङदेवी नि.मा.वि.मा कार्यरत मानेभञ्ज्याङ- का खगेन्द्र ढकाललाई सरुवा सहमति दिइ पदपूर्ति गरियो । शै.व.२०६९ जि.शि.का.भोजपुरले ठूलोदुम्मा-९ स्थित ज्योति प्रा.वि. बाट दरबन्दी कट्टा गरी ठूलोदुम्मा-१ निवासी गितादेवी राईलाई हाम्रो विद्यालयमा सरुवा गरिदिएकाले उहाँको पनि यस विद्यालयमा आगमन भएको हो । शिक्षक मात्र नभएर विद्यालय सहयोगी कुमार राईको असामयिक निधन भएकाले उक्त रिक्त पदमा खुल्ला विज्ञापनको माध्यमबाट सानोदुम्मा-६, निवासी कोपिला तामाङको यहि २०७० साल बैशाख महिनादेखि विद्यालयमा आगमन भएको छ । यसरी उक्त साल शिक्षक कर्मचारीहरुको बहिर्गमन एवम् आगमनको क्रम धेरै भएकाले शैक्षिक पक्षमा केही हदसम्म असर पुग्न गएको प्रति हामी क्षमाप्रार्थी छौं ।

शैक्षिक पक्षमा २०६९ सालमा हामी मध्यम स्तरमा नै रहेको हाम्रो ठम्याइ छ । किनकी उक्त बर्ष खासै नयाँ कर्यक्रमहरु ल्याउन र कार्यन्वयन गर्न सकिएन । शै.व. २०६८ सालमा नियमित तर्फ एक जना पनि विद्यार्थी सफल बनाउन नसकिए तापनि यस २०६९ सालको नतिजा सुधार हुने कुरामा आशावादी छौ । भौतिक पक्षमा हामीलाई जि.शि.का. भोजपुरबाट प्राप्त हुन आएको दुइ कोठे भवन र शौचालय निर्माण कार्य विभिन्न वाधा व्यावधानको कारणले वर्ष दिन भरीमा पनि सम्पन्न गर्न सकिएन । सायद उक्त साल विद्यालयको लागि राम्रो योग परेको थिएन कि भन्नु पर्ला । अन्य पक्षहरुमा पनि हाम्रो शै.व. २०६९ साल औसतमा सामान्य नै रह्यो । हाम्रो समुदायको अवस्था अनुसार खासै उपलब्धीमूलक पनि भएन र खासै निम्न स्तर पनि रहेन ।

## ५. आफू प्र.अ.भएपछि गरिएका वा भएका केही महत्वपूर्ण पक्षहरूः

यस सानोदुम्मा माध्यमिक विद्यालयको हालको प्र.अ. आफू शिक्षण सहायकको रुपमा वि.स. २०६३ सालमा प्रवेश गरे पश्चात विद्यालयले विभिन्न उतार चढावहरु पार गर्दै आएको आफूले प्रत्यक्ष रुपमा भोग्दै आएको हुनाले यस विद्यालयको वर्तमान स्थितिको हरेक पक्षहरुसँग परिचित नै देखिन्छ । मितिः२०६९ साल फाल्गुनमा तत्कालिन प्र.अ. नारायण प्रसाद राईको स्वेच्छिक सरुवा भए पश्चात अधिकांश अभिभावक तथा वि.व्य.स., शि.अ.संघ, शिक्षक मित्रहरु त्था विद्यार्थीहरुको चाहना अनुरुप नै आफू संयोगवस यस विद्यालयको प्रशासनिक पदमा आइ पुगेको कुरा यस सम्मानित भेलामा पुन स्मरण गराउन चाहन्छु । आफूसँग विद्यालय विकास गर्ने स्पष्ट Vision भए तापनि विविध बाधा व्यावधान तथा समस्याहरुको कारणले आशातित उपलब्धि हासिल गर्न नसकिने कुरा जानकारी गराउनु पर्दा दुःखदायी अनुभूति लागेको छ । यस उपशीर्षक अन्तर्गत आफू प्र.अ. भए पश्चात विद्यालयमा गरिएका केही साना तर महत्वपूर्ण पक्षहरुलाई समेट्ने प्रयास गरिएको छ । आफू प्र.अ.ले मात्र यी कुराहरु गरेको म ठान्दिन किनकी यी कार्यहरु हामी सम्पूर्ण विद्यालय परिवारको प्रयासमा भएका हुन् । जसमा सबैको आफ्नो तर्फबाट सक्दो प्रयास र योगदान रहेको छ । यति मात्र हो जसको नेतृत्व गरी काम गर्ने वातावरण तयार मात्र गरेको हुँ । किनकी नेतृत्व गर्ने व्यक्तिले मात्र सब थोक गर्ने भन्दा पनि सामूहिक रुपमा कार्य आगाडि बढाउने वातावरण मात्र तयार गर्न सकेमा पनि फलदायी हुने कुरामा म

विश्वास राख्दछु । र, यो सवालमा हाम्रो विद्यालयमा सकारात्मक अनुभव पनि गरेको छु । जसको उदाहरणको रुपमा हाम्रो कार्यलय व्यवस्थापन कार्यमा सबै शिक्षक मित्रहरु मरिमेटी काम गर्नुभएको म यहाँनेर स्मरण गर्न चाहन्छु ।

- विद्यालयको कार्यलय व्यवस्थापन पक्षमा केही हदसम्म भए पनि सुधारको सुरुवात गरिएको छ । जसमा गरीएका केही कार्यहरु यति साना साना कुरा वा पक्षहरु हुन जुन हामी गणना गर्दैनो तर तिनीहरु ज्यादै महत्वपूर्ण छन् ।
- विद्यालयको महत्वपूर्ण सबै अभिलेखहरुको छुट्टाछुट्टै फायलहरुको व्यवस्था गरी राख्ने व्यवस्थाको शुरुवात गरिएको छ ।
- शिक्षकहरुको व्यवस्थित व्यक्तिगत अभिलेख [Personal Profile] फायल राख्ने व्यवस्थाको शुरुवात ।
- विद्यालयको सम्पूर्ण आर्थिक कारोवार (आय-व्यय) का सम्पूर्ण विवरणको अभिलेख राखि व्यवस्थित गर्ने प्रयास गरिएको छ ।
- विद्यालयको पहिलो पटक आफ्नै शैक्षिक क्यालेण्डर प्रकाशन गर्न शुरुवात गरिएको छ ।
- परीक्षा र मूल्याङकन परिपाटीमा सुधार गर्ने शुरुवात गरिएको छ ।
- विश्वमा सुचना प्रविधिको विकासले ल्याएको सकारात्मक परिवर्तनलाई आत्मसत् गरी शै.व.२०७० सालबाट कक्षा-६ मा स्थानीय विषयको रुपमा कम्प्युटर विषयको शिक्षण शुरुवात गरिएको छ ।
- विद्यालयमा हाल ६ वटा मासिक पत्रिकाहरु ग्राहक बनि नियमित रुपमा ल्याउने व्यवस्था गरिएको छ ।
- शैक्षिक वर्षको अन्त्यमा "School toper-3" जना र हरेक कक्षाका "Top 3" तीन जनालाई पुरस्कृत गर्ने ।
- विद्यालयमा सामूहिक भावनाको विकास गराउन तथा कामको बाँडफाँड गरी प्रभावकारी कार्यन्वयनको निम्ति शिक्षकहरुलाई विभिन्न विशेष कामहरुको जिम्मेवारी दिइएको छ । जसको विवरण देहाय बमोजिम रहेको छ :

सहायक प्रधानाध्यापक - **लेकबहादुर कोइराला**
अतिरिक्त क्रियाकलाप संयोजक मा.वि./नि.मा.वि. तर्फ - **खगेन्द्र ढकाल**
अतिरिक्त क्रियाकलाप संयोजक प्रा.वि. तर्फ - **सुनिता राई**
खेलकूद तथा PT संयोजक - **रुद्रबहादुर खड्का**
संगीत संयोजक - **गीतादेवी राई**
गायन संयोजक - **माया राई**
नृत्य संयोजक - **गीता भट्टराई (न्यौपाने)**
पुस्तकालय व्यवस्थापक - **अम्बिका खत्री (भट्टराई )**
परीक्षा तथा मूल्याङ्कन संयोजक - **इमान सिं राई**
जु.रे.स. शिक्षक प्रतिनीधि - **सरस्वती राई**
साहित्यिक सिर्जना संयोजक: **भित्तेपत्रिका - ज्योत्सना राई**
विद्यालय समुदाय सम्बन्ध संयोजक - **तीर्थराज दाहाल**
वर्ग शिक्षक - **हरेक शिक्षकहरुलाई एक-एक वटा कक्षाको**

## ६. शैक्षिक सत्र २०७० सालमा गरिने व्यवस्था तथा कार्ययोजनाहरू:

यस अन्तर्गत तत्काल शुरुवात गरिने अर्थात शैक्षिक स त्र २०७० सालमा पूरा गर्ने गरी तय गरिएका केही योजनाका महत्वपूर्ण पक्षहरुको बारेमा बुँदागत रुपमा विभिन्न शीर्षक कअनुसार त्रमशः प्रस्तुत गरिएको छ।

### अ. शिक्षक-कर्मचारी पक्षमा:

- नियमित मासिक शिक्षक स्टाफ बैठक बसी आइपरेका समस्या र आफ्ना अनुभवहरु अदान-प्रदान गर्ने परिपाटीको विकास गरिनेछ।
- शिक्षकहरुले आफूले अध्यापन गराउने विषय प्रति पूर्ण जिम्मेवार हुनुको साथै जवाफदेहीता [Accountability] बढाइनेछ।
- शिक्षकहरुले घण्टी लागेको बढिमा पाँच मिनेट भित्रमा आफूले पढाउनुपर्ने कक्षामा प्रवेश गरिसक्नुपर्नेछ साथै अर्को घण्टि नलागे सम्म अति जरुरी काम परेको बाहेक कक्षाकोठा बाहिर निस्कन मनाही गरिनेछ।
- शिक्षक तथा कर्मचारीहरुको विद्यालय अनुपस्थितिमा विशेष कडाइ गरिनेछ। हाजिर नभएको दिनहरुको अभिलेख राखि चौमासिक रुपमा गणना गरी तलव कट्टा गरिनेछ।
- शिक्षकहरुले विदामा बस्नु परेमा पूर्व स्वीकृति लिनु पर्नेछ।
- हरेक शिक्षकहरुलाई एउटा कक्षाको वर्ग शिक्षकको रुपमा जिम्मेवारी दिइनेछ। जसले उक्त कक्षाको विद्यार्थीहरुको दैनिक हाजिरी अभिलेख up to date गरी राख्नुको साथै विद्यालय प्रशासनमा मासिक रुपमा जानकारी दिनुपर्नेछ।
- शिक्षकले आफूले अध्यापन गराउने कक्षा र विषयहरुमा विद्यार्थीहरुको मासिक रुपमा उपलब्धी परिक्षण आफैले अनुकुल समय मिलाइ गर्नुपर्ने प्रावधान ल्याइनेछ।
- प्रत्येक शिक्षकले शै.व.को दोश्रो हप्ताभित्रमा अनिवार्य **TIP** निर्माण गर्ने परिपाटी बसालिने छ।
- प्रत्येक शिक्षकले आफूले अध्यापन गराउने विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरुको अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण गर्नु पर्नेछ। त्यसको नियमित सुपरिवेक्षण र अनुगमन प्र.अ. बाट साथै स्रोतयक्ति र वि.नि. मार्फत समय-समयमा सुपरिवेक्षण र निरीक्षण गराउने व्यवस्था गरिनेछ।
- शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय तथा उपलब्ध शैक्षिक सामग्रीहरुको अधिकतम प्रयोग गर्नु पर्नेछ। त्यसको अनुगमन तथा सुपरिवेक्षण प्र.अ. ले नियमित रुपमा गरी अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।
- CAS निरन्तर भर्ने र CAS मा विद्यार्थीको उपलब्धीको मापन गर्दा दिइने रेजा संख्याको आधार विषय शिक्षकले पेस गर्नुपर्ने प्रावधान राखिनेछ। हचुवाको भरमा रेजा लगाउने प्रवृत्ति रोक्नु पर्नेछ।
- शिक्षकहरुद्वारा जाँच गरिएको विद्यार्थीहरुका उत्तरपुस्तिकाहरु सबै विद्यालयमै संकलन गर्नुपर्नेछ।

### आ. विद्यार्थी पक्षमा:

- विद्यार्थीहरुको दैनिक उपस्थितिलाई सबभन्दा जोड दिइनेछ। वर्ष दिनमा हाजिरी नपुग भएका कुनै पनि विद्यार्थीलाई विशेष परिस्थिति बाहेक अर्को कक्षामा अपग्रेड गरिने छैन। *(शिक्षा नीति-नियमसँग नबाझ्ने गरी)*
- विद्यार्थीहरुलाई अनुशासन र नैतिकताको सवालमा कडाइ गरिनेछ। वास्तवमा शिक्षा भनेकै सकारात्मक व्यवहार परिवर्तन भएकाले विद्यार्थीहरुको सकारात्मक व्यवहार परिवर्तनमा जोड दिइनेछ।
- हाजिर नहुने विद्यार्थीहरुलाई दैनिक जरिवानाको अवधारणा ल्याइनेछ। *(रु.१ दैनिक)*
- विद्यालय समयमा विद्यालयबाट भाग्ने विद्यार्थीहरुलाई पनि जरिवानाको दायरामा ल्याइनेछ। *(रु. ५ दैनिक)*

- विद्यार्थीहरुले विदा लिनु परेमा अभिभावकको स्वीकृति सहितको पत्र पेश गरेमा महिनामा ३ दिन सम्म जरिवाना छुट दिइनेछ, अन्यथा जरिवाना लाग्नेछ ।
- विद्यार्थीहरुको विदा र हाजिरी सम्बन्धमा वर्गशिक्षकहरुलाई जिम्मेवारी प्रदान गरिनेछ । वर्गशिक्षकहरुले हरेक महिनाको अन्तिम दिन वा अर्को महिनाको पहिलो हप्ता भित्र त्यस्तो विवरण विद्यालय प्रशासनलाई उपलब्ध गराउनु पर्नेछ ।
- विद्यार्थीहरुलाई विद्यालय पोशाकको अनिवार्यता गराइनेछ । विशेषगरी छात्रा केटीहरुलाई स्कर्ट वा फ्रकको सट्टामा पइण्ट लगाउन प्रोत्साहन गरिनेछ । किनकि विद्यार्थीहरुलाई कतिपय शारीरिक क्रियाकलापहरु तथा खेलकूदको कार्यहरुमा सरिक गराउन पोसाकले पनि अप्ठयारो स्थिति सिर्जना हुन सक्ने अनुभव गरिएको छ ।
- विद्यार्थीहरुलाई अभिभावक भेला, भेटघाट, छलफल, अन्तरक्रिया र परामर्श को कार्यक्रममा सहभागी गराइनेछ ।
- विद्यार्थीहरुलाई विद्यालय समयमा Mobile प्रयोगमा अंशिक रुपमा प्रतिबन्ध को व्यवस्था गरिनेछ । केही सर्तहरु लागु गरेर Mobile प्रयोग गर्न दिन सकिनेछ ।
- विद्यर्थीहरुले विषय शिक्षक तथा विद्यालयद्वारा निर्धारण गरिएको गृहकार्य,परियोजना कार्य, प्रयोगात्मक कार्य आदि सबै समयमा पूरा गर्नु पर्नेछ ।
- विद्यार्थीहरुको मूल्याङ्कन विषय शिक्षक, विद्यालयको परीक्षा तथा मूल्याङकन समिति र प्र.अ. को संयुक्त वा छुट्टाछुट्टै प्रयासबाट गरिनेछ ।
- हरेक विद्यार्थीहरुको निरन्तर मासिक उपलब्धी परिक्षण गरिनेछ, त्यसको अभिलेख विद्यालयमा राखिनेछ, र त्यसको वैधानिकताको लागि प्र.अ.ले निरन्तर रुपमा र समय समयमा स्रोतव्यक्ति र वि.नि. मार्फत निरीक्षण एवम् सुपरिवेक्षण  गराइनेछ ।
- विद्यार्थीहरुलाई सामाजिक सेवाको भावना विकास गराउन तथा सामूहमा काम गर्ने बानीको विकास गराउन आवश्यक्ता परेको समयमा विद्यालयको सरसफाई तथा अन्य स-साना कार्यमा सरिक गराइनेछ ।

**इ. अभिभावक पक्षमाः**

अभिभावकहरु विद्यालयको महत्वपूर्ण पक्ष हुन् । किनकी विद्यालयको चौतर्फी विकासको निम्ति अभिभावकहरुको योगदान पनि अपरिहार्य रहन्छ । अभिभावक पक्षमा यस प्रतिवेदनमा निम्न कुराहरु समावेश गरिएको छ :

- विद्यालयमा सकेसम्म नियमित रुपमा अभिभावक भेटघाट कार्यक्रमहरु राखिनेछ ।
- आफ्ना बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा विद्यालय तथा शिक्षकहरुसँग निरन्तर सम्पर्कमा रहने वातावरण बनाइनेछ ।
- अभिभावकहरुले बालबालिकालाई नियमित विद्यालय पठाइ सहयोग गर्नु पर्नेछ ।
- बालबालिकालाई शैक्षिक सामग्रीहरु तथा थप स्वाध्ययन सामग्रीहरुका व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई घरमा अध्ययनको लागि समय मिलाउनको साथै पढ्ने कोठा र बत्तीको राम्रो प्रवन्ध गरिदिनु पर्नेछ ।
- बालबालिकालाई दैनिक हरियो सागसब्जी, गेडागुडी,फलफूलहरु अथवा सन्तुलित भोजन तथा ताजा खानेकुराहरु खुवाइ स्वस्थ बनाउनु पर्नेछ ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइमा ध्यान पुऱ्याउनु पर्नेछ ।
- बालबालिकालाई श्रमप्रति सकारात्मक भाव राख्न उत्प्रेरित गर्न अनुरोध गर्ने ।

- आफ्ना मौलिक धर्म, संस्कार, भाषा, कला र संस्कृतिको अनुभुति गर्ने अवसर साथै त्यसको असल पक्षको अनुसरण गराउनु पर्नेछ ।
- बालबालिकालाई हरेक स्थान र परिस्थितिमा अनुशासित, नैतिकवान एवम् मर्यादित आचरण अपनाउन उत्प्रेरित गर्नु पर्नेछ ।
- बालबालिकालाई अनिवार्य विद्यालय पोसाकको व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई मादक पदार्थ तथा धुम्रपानबाट बिलकुल टाढा राख्नु पर्नेछ ।

### ई. विद्यालय सहयोगी पक्षमाः

विद्यालयलाई सुचारु ढंगले अगाडी बढाउनको निम्ति विद्यालय सहायकको महत्वपूर्ण भूमिका रहन्छ । जसरी एउटा यात्रुवाहक सार्बजनिक यातायतको गाडीमा चालकलाई ठीक-ठीक समयमा गाडी रोक्न र गुडाउनको निम्ति सहयोगी (खँलासी) को विशेष भूमिका रहन्छ त्यसरी नै विद्यालयमा सम्पूर्ण शिक्षकहरुको शिक्षण कार्य सन्तुलित बनाउन तथा सरसफाइ र अन्य आइपरेका कार्यहरु सम्पादनमा विद्यालय सहयोगीको जिम्मेवारी रहन्छ । यस पटक विद्यालय सहयोगीको लागि निम्न कार्य निर्देशिकाहरु ल्याइएको छ ।

- दैनिक बिहान ९:४५ बजे विद्यालय खोल्ने तथा ठीक-ठीक समयमा घण्टी बजाउने ।
- कार्यलयको दैनिक सरसफाइ तथा व्यवस्थित गर्ने कामहरु गर्ने ।
- कक्षाकोठाहरु नियमित साप्ताहिक रुपमा सरसफाइ गर्ने ।
- विद्यालयमा खानेपानी आपुर्ति तथा अन्य आइपरेका कामकाजहरु गर्ने ।
- विद्यालय प्रशासन द्वारा निर्देशित भए अनुसारको अन्य कामहरु गर्ने ।
- विद्यालय हाता समय समयमा अवश्यकतानुसार सरसफाइ गर्ने ।
- विद्यालयको शौचलयहरु आवश्यकतानुसार सरसफाइ तथा पानीको प्रवन्ध गर्ने ।
- विद्यालयको सामग्रीहरुको रेखदेख, सुरक्षा गर्ने ।

### उ. अतिरिक्त क्रियाकलापः

- नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । यो वर्ष प्राय हरेक हप्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । तथापि परीक्षा सञ्चालन हुने महिनाहरुमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन नगर्ने योजना गरिएको छ ।
- विद्यार्थीहरुको स्तर, उमेर, मानसिक तथा वौद्धिक क्षमता र रुचि अनुसारको विविध क्रियाकलापहरु सञ्चालन गर्ने योजना गरिएको छ ।
- धेरै विद्यार्थीहरुलाई समेट्न सकिने तथा धेरै विषयवस्तुहरुको जानकारी प्रदान गर्न सहयोग पुग्ने भएकाले *हाजिरी जवाफलाई* बढि प्रथामिकता दिइएको छ ।
- यो वर्ष *बादविवाद, बक्तृत्वकला, चित्रकला, साहित्य,गीत संगीत-गायन, नृत्य, शारीरिक तथा बौद्धिक खेलकूद* आदि सबै किसिमका अतिरिक्त क्रियाकलापहरु समावेश गरिएको छ ।
- हरेक अतिरिक्त क्रियाकलापमा विजेता विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ । साथै सहभागीता मात्र जनाउने विद्यार्थीहरुलाई समेत एउटा *बलपेन (डटपेन)* सान्त्वना स्वरुप पुरस्कार प्रदान गरिनेछ ।

- यस वर्ष विगतमा स्थानीय रुपमा प्रचलित तर हाल लोप हुन लागिसकेको पुरानो खेल *बागचाल* लाई पनि संरक्षण गर्ने हेतुले समावेश गरिएको छ । यो खेल खेल्न ज्ञाता शिक्षकहरु तथा स्थानीय व्यक्तिहरु मार्फत सञ्चालन गरिनेछ ।
- गीत संगीतको सन्दर्भमा विशेष गरि नेपाली स्वदेश गान अर्थात देशभक्तिले ओतप्रोत गीत संगीत तथा मौलिक नेपाली लोक संस्कृति झल्किने गीत संगीत लाई प्राथमिकता दिइने छ ।

## ऊ. शैक्षिक सामग्री

विद्यालयको कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप उद्देश्यमूलक,प्रभावकारी एवम् रोचक बनाउन शैक्षिक सामग्रीको विशेष महत्व रहन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गरउन सकेमा बालबालिकाहरुले थोरै समयमा धेरै कुराहरुको ज्ञान सीपहरु ग्रहण गर्न तथा अनुभव लिन सक्दछन् । कुनै शैक्षिक सामग्रीहरु स्थानीय स्तरमा निर्माण गर्न सकिने पनि हुन्छन र कुनै सामग्री किनेर पनि व्यवस्था गर्नुपर्ने हुन्छ । हाम्रो विद्यालयमा बजारबाट किनेर ल्याउनुपर्ने शैक्षिक सामग्रीहरुको उपलब्धता ज्यादै न्यून रहेको छ । एउटा पुरानो ग्लोब, पुरानो माइक्रोस्कोप अनि केही थान नक्शाहरु वाहेक ज्यादा अरु छैन । तथापि हामी शिक्षकहरुले स्थानीय स्तरमा शैक्षिक सामग्रीहरुको निर्माण गरी कक्षाकोठामा प्रयोग गर्न सक्नु पर्ने हो तर त्यसको अवस्था पनि सुन्य प्राय छ । त्यसैले अगामी दिनहरुमा शैक्षिक सामग्री सम्बन्धमा देहाय बमोजिमका रणनीतिहरु अपनाइने छ,

- यहि शैक्षिक सत्र देखि कक्षाकोठामा स्थानीय स्तरमा निर्माण गर्न सकिने र पाइने सामग्रीहरुको पहिचान गरी सम्बन्धित विषय शिक्षकले अधिकतम प्रयोग गर्ने ।
- विद्यालयमा आवश्यक पर्ने विद्यार्थी संख्या अनुसारको नक्शा, एटलास, ग्लोब, फिगरहरु सकेसम्म यहि शैक्षिक वर्षमा व्यवस्था गरिनेछ । *(क्रमश: सालिन्दा थप्दै लगिने छ ।)*
- विज्ञान प्रयोगशालको कम मूल्यका केही सामग्रीहरु यसै वर्ष व्यवस्था गर्ने । अन्य बढि मूल्य पर्ने माइक्रोस्कोप जस्ता सामग्रीहरु अगामि वर्षहरुमा व्यवस्था गर्ने ।
- गणित विषयका लागि न्यूनतम आवश्यक सामग्रीहरु यसै वर्ष व्यवस्था गर्ने ।
- हरेक शैक्षिक वर्ष विद्यालयलाई प्राप्त हुने PCF: non salary fund बाट शैक्षिक सामग्रीका लागि रकम व्यवस्थापन गर्ने ।

## ए. खेलकूद:

बालबालिकाहरुको शारीरिक विकासको निम्ति खेदकूदलाई विशेष रुपमा विद्यालयमा स्थान दिइनु पर्दछ । विद्यालय उमेरका बालबालिकाहरुको मानसिक,वौद्धिक,शारीरिक संवेगात्मक विकास गराउन विद्यालयले भूमिका खेल्न सक्नु पर्दछ । त्यसैले हाम्रो विद्यालयमा नियमित विभिन्न खेलकूद तथा शारीरिक कसरत गराउने किसिमक एथ्लेटिक्स साथै वौद्धिक र मनोरञ्जनात्मक खेलहरुलाई समेत स्थान दिदै लगिने छ ।

- यस वर्ष विद्यालयको बीचमा रहेको ग्राउण्डमा सुधार गरी भलिबल कोर्ट बनाइनेछ । अर्को साल त्यसमा अझ सुधार गरी दुइ वटा कोर्टहरु बनाउने लक्ष्य राखिएको छ ।
- साना तथा ठूला कक्षाका विद्यार्थीहरुलाई उमेर र स्तर अनुसारको तथा आफ्नो रुचि अनुसारको विविध out door तथा indoor games को व्यवस्थामा जोड दिइनेछ ।
- Indoor games मा धेरैजसो बौद्धिक खेलहरुलाई प्राथमिकता दिइनेछ ।
- हाल विद्यालयको स्वमित्वमा रहेको विद्यालय भन्दा दक्षिण पूर्वी स्थानमा रहेको बारीलाई पश्चिम पट्टि बाँसको अग्लो बार लगाएर सँधै भरी खेल्न मिल्ने फुटबल खेल मैदान बनाइनेछ ।

### ऐ. सन्दर्भ स्रोत सामग्रीहरुको व्यवस्था

विद्यालयमा शिक्षकहरुलाई आफ्नो शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन निरन्तर अध्ययन गरी अप टु डेट हुनु नितान्त जरुरी हुन्छ । हाल विद्यालयमा हरेक तहको पाठ्क्रम रहेको छ साथै आधारभूत तहको प्राय सबैजसो शिक्षक निर्देशिकाहरु पनि उपलब्ध छन् । नि.मा. तहको केही र माध्यमिक तहको निर्देशिकाहरु उपलब्ध छैनन् । प्रकाशन भए जति र स्थानीय बजारमा प्राप्त भए जति स्वाध्ययन सामग्री तथा शिक्षक निर्देशिकाहरु विद्यालयमा उपलब्ध गराइनेछ । साथै विद्यालयमा आवश्यक पर्ने विभिन्न विषय वस्तुसँग सम्बन्धित स्वाध्ययन तथा सन्दर्भ स्रोत सामग्रीहरु बजारमा उपलब्ध भए सम्मको व्यवस्था गरिनेछ ।

- माध्यमिक तहको विषयगत स्वाध्ययन सामग्रीहरुको खरिद गरिनेछ ।
- नविनतम् बृहत सामान्य ज्ञानकोषहरु,सामान्य ज्ञानहरु विद्यालयमा व्यवस्था गरिनेछ ।
- शिक्षकहरु मार्फत पनि यस्ता उपयोगी सामग्रीहरु जुटाउन सकिनेछ ।
- सन्दर्भ सामग्रीहरु सालिन्दा वृद्धि गर्दै लगिनेछ ।

### ओ. पुस्तकालयको व्यवस्थाः

पुस्तकालय विद्यालयको एक अति अनिवार्य पक्ष हो । पुस्तकालय बिनाको शिक्षण सिकाइ गर्नु भनेको दाल र भात मात्र खानु जस्तै हो । यदि तरकारी,चट्नी-अचार पनि भएमा थप बढि खाना रुचि भए जस्तै पुस्तकालय भएमा शिक्षण सिकाइमा थप बढोत्तरी हुनेछ । विद्यालयमा हाल पुस्तकालयको व्यवस्था नहुँदा विद्यार्थी तथा शिक्षक दुवै पक्षलाई कठिनाइ भइरहेको कुरालाई मध्यनजर गरी तत्काल विद्यालयमा औपचारिक रुपमा पुस्तकालयको व्यवस्थाको शुरुवात गरिनेछ । यसका लागि यस प्रकारको योजना बनाइएको छ ।

- विभिन्न दाताहरुसँग सहयोगको वातावरण बनाएर अघि बढिनेछ ।
- सुचना तथा सञ्चार एवम् सामाजिक सञ्जालहरुको माध्यमबाट सहयोगको मार्ग प्रशस्त गरिनेछ ।
- विभिन्न प्रकाशक, लेखकहरुसँग पुस्तकहरु अनुदान सहयोगको अभियान सञ्चालन गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीहरुलाई समय समयमा विद्यालयमा पुस्तक उपहार दिने परिपाटि बसालिनेछ ।
- विद्यालयलाई स-साना सहयोग गर्न चाहने व्याक्तिहरुलाई पुस्तकहरु नै सहयोग गर्न प्रेरित गरिनेछ ।
- विद्यालयलाई सहयोग गर्ने सम्पूर्ण महानुभावहरुको अभिलेख राखि वार्षिकोत्सव कार्यक्रममा सम्मानित गरिनेछ । साथै धेरै सहयोग पुऱ्याउनेको फोटो र नामवाली विद्यालयमा राखिनेछ ।

### औ. विविधः

- विद्यालय सहयोगीले दैनिक विहान ठीक ९:४५ बजे विद्यालय खोल्ने र दैनिक १०:०० बजे देखि शिक्षकहरुले विद्यार्थीहरुलाई प्रार्थनामा सरिक गराउने तथा पहिलो हाजिरी गर्ने र १०:१५ दोश्रो घण्टी लाग्न साथ अनिवार्य कक्षाकोठमा शिक्षकले शिक्षण शुरुवात गर्ने ।
- दिउँसोको टिफिन टाइम पछि विद्यार्थीहरुलाई एकत्रित गर्न पाँच मिनेट अघि अर्थात ०१:५५ मा नै विद्यालय सहयोगीले घण्टि बजाउनु पर्नेछ । साथै ०२:०० बजे पाँचौ घण्टि लागाउनु पर्नेछ ।
- ०२:०० बजे पाँचौ घण्टी लाग्न साथ विषय शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।
- बिद्यालयले तयार गर्नु पर्ने सम्पूर्ण किसिमका खाताहरुको व्यवस्था गरी अभिलेख सुरक्षित राख्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- हाल सम्म तयार नगरिएको खेर जाने तथा नजाने जिन्सी सामानहरुको अभिलेख सुरक्षित र अद्यावधिक गरी राखिने छ ।

- यसै शैक्षिक वर्ष देखि अब तत्काल सानोदुम्मा माध्यमिक विद्यालयलाई पूर्ण रुपमा Chalk-Black board मुक्त विद्यालय बनाइनेछ। यसको मतलब सबै कक्षाहरुमा Marker-White board प्रयोगमा ल्याइनेछ।
- विद्यालयमा सुचना पाटी अथवा Notice board को व्यवस्था गरिनेछ।
- विद्यालयको समग्र विकासको लागि वि.व्य.स. र शि.अ.सं. को बैठक नियमित रुपमा राखिने छ।
- विद्यालयको हाता भित्र पूर्ण शैक्षिक वातावरण बनाउन पूर्व योजना अनुसार बाँसको भाटाको कम्पाउण्ड बनाउने कार्यलाई तदरुकताको साथ काम अघि बढाइनेछ।
- विद्यालयको सरसफाइमा विषेश ध्यान पुऱ्याइनेछ । यसको लागि शिक्षक,विद्यार्थी तथा विद्यालय प्रशासनको संयुक्त प्रयासमा विद्यालय सहयोगीलाई परिचालन गरिनेछ र आवश्यक्ता अनुसार आफू पनि परिचालित हुनुपर्नेछ।
- विद्यार्थीहरुको मासिक उपलब्धि परीक्षण अभिलेख राखि हरेक तीन-तीन महिनामा अभिभावकहरु समक्ष पुऱ्याउने व्यवस्था गरिनेछ। यसका लागि Student Progress Report Card छपाइनेछ।
- विद्यालय साझा फूलबारी जस्तै हो। यहाँ विभिन्न जातजाति, भाषाभाषिका बालबालिकाहरु रहन्छन्। ती सबैको सिर्जनात्मक प्रतिभा प्रस्फुटन साथै विविध मातृभाषाहरुको जगेर्णको निम्ति विद्यालयमा ***फूलबारी*** नामको मासिक भित्ते पत्रिका सञ्चालन गरिनेछ। उक्त भित्ते पत्रिकामा नेपाली भाषाको साथै निश्चित स्थानमा दुङमाली राई तथा तामाङ भाषामा समेत विद्यार्थीहरुको सिर्जनाहरु समावेश गर्ने गरि ***भित्ते पत्रिका सञ्चालन निर्देशिका*** ल्याइनेछ। उक्त भित्ते पत्रिका विद्यार्थीहरुकै विशेष संलग्नतामा सञ्चालन गरिनेछ।
- विद्यालयका सम्पूर्ण अभिलेखहरु कम्प्युटराइज (Computer Type) गरेर अद्यावधिक गरी राख्ने पराम्पराको शुरुवात गरिनेछ। यसका लागि प्र.अ. ले सम्पूर्ण अभिलेखहरु स्टाफहरुको सहयोग लिइ विद्यार्थी विवरण, नतिजा विश्लेषण, तथा अन्य सबै किसिमका महत्वपूर्ण अभिलेखहरु राख्ने प्रयत्न गरिनेछ।
- विद्यालयका संस्थापक व्यक्तित्वहरुको नामवली Flex print गरी विद्यालयमा राखि सम्मान गरिनेछ।
- यस विद्यालयबाट पहिलो पटक प्रवेशिका परीक्षामा सामेल भइ सफल हुने विद्यालर्थीहरुलाई पुरस्कृत गरिनेछ। साथै यस वर्ष सफल हुनेहरुलाई पनि स्याबसी स्वरुप पुरस्कृत गरिनेछ।
- यस विद्यालयबाट प्रवेशिका परीक्षामा सामेल भइ नियमित तर्फबाट सफल हुने विद्यार्थीहरुलाई विशेष सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।
- यस विद्यालयलाई विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई कदर पत्र प्रदान गरी सम्मान गरिनेछ।
- शिक्षकहरुलाई प्रोत्साहन गर्न वर्ष भरीको मूल्याङकनको आधारमा Best teacher of the Year घोषणा गरी सम्मान तथा पुरस्कृत गरिनेछ। यसको लागि शिक्षा ऐन नियमावलीमा का.स.मू मा व्यवस्था भए बमोजिमका आधार तथा अन्य आधारहरु लिइनेछ।
- शैक्षिक सत्र भरीमा अधिकतम् विद्यालय उपस्थित हुने शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिने छ।
- शैक्षिक वर्षको अन्त्यमा School toper -3 जना र हरेक कक्षाका Top ३ जनालाई पुरस्कृत गर्ने यो सालबाट शुरु गरी निरन्तरता दिइनेछ। साथै पुरस्कार वृद्धि गर्दै लगिनेछ।

## ७. भावि लक्ष्य तथा योजनाः

- विगत देखि प्राथमिक तहमा स्थानीय विषय/मातृभाषाको रुपमा स्थानीय स्तरमा तयार गरी लागु गर्नु पर्ने १०० पूर्णाङकको विषयमा नीतिगत तवरले अध्यापन गराउनै नमिल्ने अंग्रजी विषय लागु गरिएको छ। त्यसलाई पाठ्यक्रमकै मर्म अनुरुप दुङमाली भाषा वा अन्य कृषि सम्बन्धि पाठ्यक्रम लागु गरिनेछ। यो क्रमलाई नि.मा. तह तथा क्रमिक रुपमा राज्यको नीति अनुरुप माथिल्लो स्तर सम्म पुऱ्याउने।

- विश्वमा शिक्षणमा सुचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगलाई मध्यजनर राखि विजुली बत्तिको सुविधा आइन्जेल सम्ममा विद्यालयले अत्यधुनिक कम्प्युटर ल्याब स्थापना गर्ने । अनिवार्य कम्प्युटर शिक्षा प्रदान गर्ने ।
- हाल विकास भइरहेको शैक्षिक तथा शिक्षण सँग सम्बन्धित विविध सफ्टवेयर हरुको प्रवन्ध गरी कक्षाकोठामा अधिकतम् प्रयोग गर्ने ।
- ICT लाई कक्षाकोठामा लान प्रयासरत नेपालकै Midas तथा OLE Nepal जस्ता संस्थाहरुसँग सहकार्य बढाउदै अघि बढ्ने ।
- यो साल पुस्ताकालय स्थापना गरी सालिन्दा वृद्धि गर्दै भविष्यमा ठूलो र बृहत बनाउने ।
- विद्यालयमा Nepal Telecome तथा अन्य नीजि ISP हरुसँगको सहकार्यमा High Speed Broadband Internet Connection सुविधा उपलब्ध गर्ने ।
- विद्यालयमा कम्प्युटर शिक्षालाई समावेश गर्दै जाने साथै e-library को स्थापना गरी भविष्यमा विद्यालयलाई ICT Hub को रुपमा विकास गर्ने ।
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधि सम्वन्धि सामग्रीहरुको थप प्रवन्ध गर्ने ।
- हालको जीर्ण भवनहरुको स्थानमा अत्याधुनिक पक्की भवनहरु क्रमश: बनाउन प्रयास गर्दै जाने । साथै पक्की कम्पाउण्डको व्यवस्था गर्ने ।

## ८. प्रमुख समस्या तथा चुनौतिहरु:

- विद्यार्थी अनियमितता दर उच्च रहेकाले तत्काल विद्यार्थीहरुलाई नियमित बनाउन कठिन देखिन्छ ।
- दक्ष विषयगत शिक्षकहरुको अभावले खास गरी माध्यमिक तहमा विषयगत शिक्षण सिकाइमा प्रभाव पर्न गएको छ ।
- विद्यालयमा शैक्षिक सामग्रीहरुको अभाव प्रभावकारी शिक्षणमा समस्या आइपरेको छ ।
- विद्यालयको भौतिक पक्षको अभाव: विद्यालयमा पर्याप्त मात्रमा फर्निचरहरुको उपलब्धता नहुनु,कक्षाकोठाको व्यवस्था नहुनु आदि ।
- विद्यालयको आर्थिक अवस्था ज्यादै नाजुक रहेकाले आर्थिक स्रोत जुटाइ व्यवस्थापन गर्नु ।
- विद्यालय प्रति अधिकांश जनसमुदायको नकारात्मक दृष्टिकोण परिवर्तन गरी विद्यालय प्रति जिम्मेवारवोध तथा आपनत्वको भावना विकास गराउन ।
- गाउँ भरिको उच्चतम मा.वि. भए तापनि अन्य विद्यालयहरु सँग सम्पर्क,समन्वयको अभाव रहेको अवस्थालाई सुधार गर्दै सहकार्य एवम् सहअस्तित्वको वातावरण तयार गर्न ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था नहुनाले पिउने तथा अन्य सररफाइका कार्यमा समस्या आइपरेको छ, उचित स्रोतको अभावले गर्दा यो समस्यालाई तत्काल समाधान गर्न चुनौतिपूर्ण रहेको देखिन्छ ।
- समुदायको आर्थिक पछौटेपनले गर्दा विद्यालयले अपेक्षा गरे अनुरुप न त आर्थिक सहयोग जुट्न सक्दछ न त अभिभावकहरु आफ्ना छोराछोरीहरुलाई घरको काम छाडि नियमित विद्यालय पठाउन सक्दछन् । त्यसैले समाजको आर्थिक समृद्धि गराएर सामाजिक रुपान्तरण गर्न कम चुनौतीपूर्ण छैन ।

प्रस्तावित योजनाहरुलाई पूरा गर्न सम्पूर्ण विद्यालय परिवार अर्थात शिक्षक,अभिभावक,विद्यार्थी,तथा अन्य सम्बन्धित निकायहरुको समेत जिम्मेवार पूर्ण भूमिका रहने भएकाले हामी सबैले आ-आफ्नो तर्फबाट आफ्नो जिम्मेवारी पूरा गरौं र यस विद्यालयको अवस्था अझ सुधारमा अहम् भूमिका निर्वाह गरौं भन्ने सन्देश तथा अनुरोध गर्न चाहन्छु ।

**हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस अभिभावक दिवस कार्यक्रममा सहभागीता जनाउनुभएकोम उपस्थित सम्पूर्ण अभिभावक,अतिथिगण तथा अन्य सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।**

अन्त्यमा यस विद्यालयमा कार्यरत विद्यालय सहयोगी कुमार राईको मिति:२०६९ साल फाल्गुन ३ गते असामयिक निधन भएकाले निजले विद्यालयलाई पुऱ्याएको अमूल्य सहयोग प्रति आभार प्रकट गर्दै मृतक आत्माको चीर शान्तिको कामना साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना विद्यालय परिवारको तर्फबाट व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद**

☺